JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन २० गते बिहीबार ❑ 4 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## जिम्मेवारीबाट कांग्रेस भाग्दैनः सभापति देउवा

**रासस**
**काठमाडौं, १९ फागुन**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जिम्मेवारीबाट कांग्रेस नभाग्ने बताएका छन् ।

नेपाली कांग्रेसका नेता एकनाथ रानाभाटको १० औँ दिनको पूण्यतिथिमा चितवनमा आयोजित शोकसभामा उनले प्रधानमन्त्री बन्नुपर्ने अवस्था आए कांग्रेस नभाग्ने बताए । सभापति देउवा बोल्नुअघि वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेसले प्रतिपक्षको भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्ने बताएपछि पौडेलको जवाफमा सभापति देउवाले काँधमा जिम्मेवारी आए नभाग्ने बताए । उनले भने, "कांग्रेसले पदको लोभ पनि गरेको छैन । टाउकामा आयो भने भाग्ने पनि छैन । प्रधानमन्त्री पाउँ पनि भनेको छैन । आयो भने भाग्नेवाला पनि छैन ।" आफू प्रधानमन्त्री भएमा पार्टीलाई फाइदै हुने भन्दै सभापति देउवाले भने, "चिन्ता नलिनुस् रामचन्द्र जी म पार्टीकै मान्छे प्रधानमन्त्री भयो भने अरुको भन्दा आफ्नै पार्टीकालाई फाइदा होला ।" उनले थपे, "तपाई शेरबहादुर जी हुनै हुँदैन भन्ने चाहानुहुन्नजस्तो लाग्छ । मलाई तपाईंको भनाइबाट त्यही बुझियो ।" पौडेललाई सानो चित्त नगर्न र विशाल हृदय राख्न आग्रह गर्दै उनले अबको राजनीतिमा जे आउँछ, त्यो बेहोर्दै जानुपर्छ भने । उनले रानाभाटको राजनीतिक सङ्घर्षको चर्चा गर्दै एक पटक मन्त्री बनाउने आफ्नो चाहाना पूरा नभएको बताए ।




सो अवसरमा वरिष्ठ नेता रामचन्द्र पौडेलले अहिले नेपाली कांग्रेस प्रतिपक्षमा भएको भन्दै जुन हैसियतमा संसद्मा छ त्यसैअनुसार अघि बढ्नुपर्ने बताए । उनले भने, "विपक्षी दलको सही भूमिका कांङ्ग्रेसले निर्वाह गर्नुपर्छ ।"

सानो सङ्ख्यामा संसद्मा भए पनि कांग्रेसको भूमिका ठूलो र जिम्मेवारीपूर्ण रहेको उनको भनाइ थियो । कांग्रेसले सजग र इमान्दार भएर प्रतिपक्षीको भूमिका निर्वाह गर्नसके अर्कोपटक लोकतन्त्रको रक्षा गर्न सक्ने गरी संसद्मा बलियो पार्टी बन्ने पनि उनले बताए । वरिष्ठ नेता पौडेलले स्व एकनाथ रानाभाटले निष्ठावानरुपमा पार्टीमा समर्पण गरेको भन्दै त्यो समर्पण र त्यागको भावना प्रस्तुत गर्न सक्नुपर्छ भने । "आम नेपालीले भरोसा गर्ने ठाउँ भनेको कांग्रेस मात्र रहेको छ" उनले भने, "कांग्रेसले त्यहीअनुसारको आचरण र व्यवहार देखाउनुपर्छ ।" वरिष्ठ नेता पौडेलले विकृतिबाट लोकतन्त्रलाई बचाउनुपर्ने बताए । उनले भने, "वास्तवमा कसैले आफ्नो हैसियत र औकातभन्दा बढी आकांक्षा राख्नु महत्वकांक्षा हो र यो विकृति हो ।" लोकतन्त्रमाथि देशी विदेशी षडयन्त्र भइरहेको पनी उनले बताए ।

कांग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले नेपालको लोकतन्त्र स्थापनामा रानाभाटले पुऱ्याएको योगदान सह्रानीय रहेको बताए । कार्यक्रममा पूर्वसभामुख तारानाथ रानाभाट, कांग्रेसका केन्द्रीय सदस्य महालक्ष्मी उपाध्याय, गण्डकी प्रदेश सभाका प्रतिपक्षी दलका नेता कृष्णचन्द्र नेपाली, वाग्मती प्रदेश सभाका प्रतिपक्षी दलका नेता इन्द्र बानियाँ, कांग्रेस चितवनका सभापति जीतनारायण श्रेष्ठ, कांग्रेस नवलपरासीका सभापति विष्णु सापकोटा र कांग्रेस रत्ननगरका सभापति रुपनराज घिमिरेले स्व रानाभाटको राजनीतिक भूमिकाको बारेमा चर्चा गरेका थिए । रानाभाटको यही फागुन १० गते ६६ वर्षको उमेरमा उपचारका क्रममा निधन भएको थियो । उनी प्रतिनिधिसभाका पूर्वसांसद रहेका थिए ।

## निर्णय दिन ढिलाइ गरेको भन्दै निर्वाचन आयोगको विरोध

**रासस**
**काठमाडौं, १९ फागुन**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दाहाल-माधव समूहले प्रतिनिधिसभा विघटनका पक्षमा रहेका पक्षबाहेक सबैसँग गठबन्धन गर्ने बाटो खुला गर्ने भएको छ ।

बुधबार पेरिसडाँडामा बसेको सो पक्षको केन्द्रीय कमिटी बैठकले प्रतिनिधिसभा विघटन गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीको कदमलाई विरोध गर्ने सबैसँग गठबन्धन गर्ने निर्णय गरेको नेता भीमबहादुर रावलले जानकारी दिए । बैठकले ती दलसँग सहकार्यका लागि सचिवालय र स्थायी कमिटीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णयसमेत गरेको छ । स्थायी कमिटी सदस्य रावलले भने, "हामी पर्याप्त छलफल गरेर मात्र प्रतिनिधिसभामा अविश्वासको प्रस्ताव लान्छौँ, छलफल गरेर नयाँ प्रधानमन्त्रीको नाम तोकेर मात्र लैजान्छौँ, लोकतन्त्र र संविधान रक्षाका लागि हामी खुला छौँ, सरकार नेतृत्वका लागि पनि खुला छौँ ।" बैठकले पार्टीको आधिकारिकताबारे निर्णय लिन निर्वाचन आयोगले गरेको ढिलाइप्रति खेद प्रकट गर्ने निर्णय गर्नाका साथै पार्टीको आधिकारिकताबारे अहिलेसम्म आयोगले गरेका निर्णय माग गरी पत्राचार गर्ने निर्णय पनि गरेको छ । बैठकले संसदीय दलका उपनेता सुवास नेम्वाङ, प्रमुख सचेतक विशाल भट्टराई, सचेतक शान्ता चौधरी, स्थायी कमिटी सदस्य प्रभु साह, सुदूरपश्चिम प्रदेश अध्यक्ष कर्ण थापा र केन्द्रीय सदस्य सूर्य थापालाई दलको विधानविपरीत काम गरेको भन्दै छ महिनाका लागि निलम्बन गर्ने निर्णय गरेको छ ।

सो समूहले यसअघि केन्द्रीय सदस्यहरुलाई गराइएको हस्ताक्षर व्यवस्थित नभएको भन्दै सम्बन्धितको नागरिकताको प्रतिलिपि र पार्टी सदस्यताको परिचयपत्रसमेत राखेर तीन ठाउँमा हस्ताक्षर सङ्कलन तयार गरेको छ ।

## कांग्रेस संसदीय दलको बैठक शुक्रबार बस्दै

**रासस**
**काठमाडौं, १९ फागुन**

नेपाली कांग्रेसले समसामयिक राजनीतिक विषयमा छलफल गर्न पार्टीको संसदीय दलको बैठक शुक्रबार बोलाएको छ ।

बैठक यही फागुन २१ गते अपराह्न १ बजे सङ्घीय संसद् भवन, बानेश्वरस्थित ल्होत्से हलमा बस्ने कांग्रेस संसदीय दलको कार्यालयले जनाएको छ ।

बैठकमा प्रतिनिधिसभाको आगामी बैठकमा कसरी प्रस्तुत हुने सम्बन्धमा छलफल हुने पार्टी सचेतक पुष्पा भुसालले जानकारी दिए । सरकारले गत पुस ५ गते प्रतिनिधिसभा विघटन गरेपछि सो सम्बन्धमा परेका विभिन्न रिट निवेदनको सुनुवाइ गर्दै सर्वोच्च अदालतले यही फागुन ११ गते पुनःस्थापनाको फैसला सुनाएको थियो ।

सो फैसलापछि राष्ट्रपति विद्यादेवी भण्डारीले पुनःस्थापित प्रतिनिधिसभाको बैठक यही फागुन २३ गते अपराह्न ४ बजेका लागि आह्वान गरेकी छन् ।

## दोस्रो चरणको खोप २० दिन सञ्चालन हुने

**रासस**
**काठमाडौं, १९ फागुन**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यही फागुन २३ गतेदेखि सञ्चालन गर्ने कोभिड-१९ विरुद्ध खोपको दोस्रो चरणको अभियान २० दिन सञ्चालन गर्ने भएको छ ।

मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले पहिलो १० दिनमा ६५ वर्षमाथिका र त्यसपछिका १० दिन ५५ वर्षदेखि ६४ वर्ष उमेर समूहलाई खोप दिइने जानकारी दिए । उनले आफूलाई पायक पर्ने स्थानबाट खोप लिनसमेत आग्रह गरे । यसैगरी सभामुख अग्निप्रसाद सापकोटा, पूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रचण्ड-नेपाल समूहका अध्यक्षद्वय पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपाल, उपप्रधानमन्त्री ईश्वर पोखरेल, स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीलगायतले पनि कोभिड-१९ विरुद्धको खोप 'कोभिशिल्ड' लगाएका छन् । सरकारले भारत सरकारको अनुदानमा प्राप्त १० लाख मात्रा 'कोभिशिल्ड' पहिलो चरणको अभियानअन्तर्गत गत माघ १४ गतेदेखि सञ्चालन गरेर सम्पन्न भएको थियो । सो अवसरमा खोप नेपालको कूल जनसङ्ख्याको १.४ प्रतिशतलाई खोप प्रदान गरिएको थियो । सोमा अग्रपङ्क्तिमा काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार र सरकारी कर्मचारीलगायत चार लाख २९ हजार ७०५ जनालाई खोप लगाएका थिए । दोस्रो चरणको खोप पनि 'कोभिशिल्ड' नै प्रदान गरिने छ ।

## निर्वाचन आयोगलाई ५ पूर्वप्रमुख आयुक्तको आग्रह : नेकपाबारे यथाशीघ्र निर्णय देऊ

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ फागुन**

पाँच पूर्वप्रमुख निर्वाचन आयुक्तले नेकपाको आधिकारिकता विवादमा यथाशीघ्र उपयुक्त निर्णय दिन निर्वाचन आयोगलाई आग्रह गरेका छन् ।

पूर्वप्रमुख निर्वाचन आयुक्तहरु सूर्यप्रसाद श्रेष्ठ, भोजराज पोखरेल, नीलकण्ठ उप्रेती, डा. अयोधिप्रसाद यादव र (का.वा) दोलखबहादुर गुरुङले बुधबार संयुक्त वक्तव्य जारी गर्दै आयोगको निर्णय क्षमता र स्वायत्ततामा उठेको प्रश्नले आफूहरुलाई गम्भीर बनाएको बताएका हुन् । प्रधानमन्त्री केपी शर्मा ओलीले ५ पुसमा संसद विघटनको सिफारिस गरेसँगै नेकपा दुई समूहमा विभाजित छ । प्रचण्ड-माधव समूहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई हटाएर माधवकुमार नेपाललाई अध्यक्ष चयन गरेको थियो भने ओली समूहले विधान संशोधन गर्न केन्द्रीय कमिटी विस्तार गरेको थियो ।

दुबै समूह आफ्नो निर्णय अध्यावधिक गर्न माग गर्दै आयोगमा पत्र दिएका थिए, तर आयोगले माघ ११ मा दुबै समूहको दाबीलाई अस्वीकार गर्दै ४४१ सदस्यीय केन्द्रीय कमिटी कायमै रहेको बतायो । त्यसको प्रतिउत्तरमा प्रचण्ड-माधव समूहले राजनीतिक दलसम्बन्धी ऐनको दफा ४४ अनुसार नेकपाको आधिकारिकता विवाद टुंग्याउन माग गर्दै २० माघमा निर्वाचन आयोगमा निवेदन दिएको थियो । तर सर्वोच्च अदालतले संसद विघटनलाई बदर गरेर अधिवेशन आह्वान भइसक्दा समेत आयोगले नेकपाको आधिकारिकता विवादमा कुनै निर्णय गरेको छैन । यो विषयलाई लिएर संवैधानिक आयोग अनिर्णयको बन्दी बनेको भन्दै आलोचना हुन थालेको छ । पाँच पूर्व प्रमुख आयुक्तले पनि आयोगले निर्णय नगर्दा राजनीतिक प्रक्रिया मात्र होइन, आयोगकै शाखमा असर गर्न सक्ने चिन्ता व्यक्त गरेका छन् । उनीहरुले भनेका छन्, 'आयोग अनिर्णयको बन्दी बन्दा त्यसले मुलुकको राजनीतिक प्रक्रियामा पार्नसक्ने गाम्भीर्यता तथा आयोगको आफ्नो शाखमा पर्नसक्ने असरलाई विचार गरी प्रचलित कानून र स्थापित नजीरहरुका आधारमा यस विषयमा उपयुक्त निर्णय यथाशीघ्र दिन आयोग समक्ष आग्रह गर्दछौं ।'

लोकतन्त्रको धरोहरको रुपमा रहेको संस्था नै अनिर्णयको बन्दी भएपछि बाध्य भएर आफूहरूले विज्ञप्ति जारी गर्नुपरेको एक पूर्वप्रमुख आयुक्त बताउँछन् । भन्छन्, 'पुसमा माघ भन्यो, माघमा फागुन भन्यो, फागुन सकिन लाग्दा पनि चालचुलै नगरेपछि यस्तो आग्रह गरेका हौं ।' आयोग संवैधानिक निकाय भएपनि राजनीतिक निर्णय गर्नु यसको पहिलो जिम्मेवारी भएको उनी बताउँछन् । आयोगले नेकपा विवादमा निर्णय लिन ढिलाइ गर्दा समस्या थप जटिल बनेको भन्दै उनले भने, 'आयोगले ढिलो निर्णय गर्नुभनेको अन्याय गर्नु पनि हो ।'

## कवि कल्पनाको चुल्ठो गृह जिल्लामा परिचर्चा

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ फागुन**

कवि कल्पना चिलुवालको कविता संग्रह चुल्ठोको परिचर्चा कार्यक्रम बुधवार सम्पन्न भयो ।

बेला पब्लिकेशनले प्रकाशन गरेको संग्रह कवि चिलुवालले आफ्नो गृहजिल्लामा पहिलो पटक चर्चा परिचर्चा गरेकी हुन । साहित्यकार तथा गण्डकी साहित्य संगम पोखराका अध्यक्ष डा. कृष्णराज अधिकारीले नामका मात्र कविता धेरै लेखिएपनि वास्तविक कविता कम लेखिने गरेको पाइन्छ भने । विचार र कलामा पनि बोक्रा र गुदीको जस्तो सम्बन्ध हुनु पर्ने डा अधिकारीले धारणा राखे । कवितामा परम्परागत विचारको चिरफार गरी वर्तमान समय अनुसार चल्नु पर्ने धारणा डा. अधिकारीले वताए ।




कविता संग्रहमा चुल्ठो र अछुत पृथ्वी शिर्षकले मनै पगालेको डा अधिकारीले भने । कवि सरस्वती प्रतिक्षाले कवि रिसाह भएको संज्ञा दिंदै कविताले सवैप्रति अन्याका विरुद्ध एक जुट हुनुपर्ने हरेक हरफको भाव रहेको भनिन् । इन्द्रेणीमा सातै रंग भनेजस्तै कवि कल्पनाको कविता संग्रहमा पनि सातै रगं मिसिएको अनुभुति हुने प्रतिक्षाले वताइन । सरल कविका थथार्त भावले ओतप्रोत भएको चुल्ठो संग्रहले समाजमा नयाँ तरङ्ग ल्याउने प्रतिक्षाले दवी गरिन् । ५६ वटा कविता समेटिएको चुल्ठो संग्रहका रचनाकार कल्पना चिलुवालले पोखरालाइ साहित्यको राजधानी बनाउने संग्रहहरुले ठूलो सहयोग पुग्ने भनिन् ।

कितावले मानिसको भावनासंग जोडिएका विषयहरु चित्रण गर्न खाजेको कवि चिलुवालले वताइन् । त्यसैगरी कार्यक्रममा सुमिनाले सहित्यमा विगत र भविष्यको चित्र कोर्न सक्नुपर्ने धारणा राखिन् । वर्तमान समयमा जनताले भोगेका विषयहरु कवितामा चिर्न खोजीएको सुमिनाले भनिन् ।



# फागुन २४ गतेदेखि पोखरामा दशौं बगर भाई खलक एट ए साइड भेट्रान्स फुटवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ फागुन**

पोखरामा यही फागुन २४ गते देखि दशौं बगर भाई खलक एट ए साइड भेट्रान्स फुटवल प्रतियोगिता हुने भएको छ।

बगर भाइ खलकको आयोजनामा यही फागुन २४ देखि २९ गतेसम्म पोखराको पुरानो टुडिखेल मैदानमा चौथो स्व.रन्जित गुरुङ स्मृति तथा दशौं बगर भाई खलक एट ए साइड भेट्रान्स फुटवल प्रतियोगिता हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

प्रतियोगिता काठमाण्डौंका ११ सहित २८ टिमको सहभागिता हुने भएको बगर भाइ खलकका अध्यक्ष एवं प्रतियोगिता संयोजक दीलबहादुर गुरुङले बताए। विरगन्ज, हेटौंडा, चितवन, बुटवल, वालिङ सहित पोखराका टिमहरुको प्रतियोगितामा सहभागि हुने भएको उनले जनाए। प्रतियोगिताको विजेता टोलीलाई १ लाख ११ हजार १ सय ११ रुपैयाको साथमा रनिङ शिल्ड पदक र प्रमाण–पत्र प्रदान गरिने भएको छ। उपविजेतालाई भने ५५ हजार ५ सय ५५ को साथमा ट्रफीको साथमा मेडल प्रमाणपत्र वितरण गरिने भएको हो।

उक्त प्रतियोगिता सम्पन्न गर्न करिब १५ लाख रुपैया खर्च लाग्ने भएको महासचिव यामबहादुर गुरुङले बताए। प्रतियोगिताबाट १६ लाख ५० हजार आम्दानी गर्ने लक्ष्य राखिएको उनले जनाए। प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई १० हजार, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड ट्रफीको साथमा जनही ५ हजार र अनुशासित टीमलाई समेत ट्रफी प्रदान गरिने भएको छ। हरेक खेला वेलायतबाट ल्याएको आकर्षक म्यान अफ दी म्याच ट्रफी प्रदान गनिरे भएको छ। कोरोनाले गर्दा यस बर्षको प्रतियोगितालाई सफल पार्न बगर भाई खलकका सदस्यहरुबाट जनही ५ हजारको सहयोग प्रदान गर्ने निर्णय भएको अध्यक्ष गुरुङले जनाए। बगर भाइ खलकले स्वास्थ्यको लागि एक घण्टा व्यायम, नागरिकहरुका लागि नौलो आयामका साथ विगत २०६८ साल देखी निरन्तर रुपमा उक्त प्रतियोगितालाई निरन्तरता दिदै आएको उपाध्यक्ष तेजबहादुर गुरुङले बताए। नेपाल ओलम्पीक कमिटिका उपाध्यक्ष समेत रहेका उपाध्यक्ष गुरुङले पुरानो टुडिखेल मैदान ऐतिहासिक खेल मैदान भएकोले त्यसको संरक्षणमा सरोकार पक्षको ध्यान जानुपर्ने बताए। प्रतियोगिताले ४० बर्ष देखि ६५ बर्षको उमेर समुहका पाका खेलाडीहरुको खेलबाट नयाँ पिढीलाई खेलकूद प्रति अभिरुची जगाई भविश्यमा खेलाडी उत्पादनमा थप टेवा पुग्ने विश्वास लिइएको बगर भाइ खलकले जनाएको छ।

प्रतियोगिताको अवसरमा पूर्व राष्ट्रिय फुटवल खेलाडी, पूर्व प्रशिक्षक भूपु खेलाडी मञ्च नेपालका महासचिव खेम बहादुर गुरुङलाई ताम्रपत्र सहित सम्मान गरिने भएको छ। लामो समय देखि पृथ्वीनारायण क्याम्पसका खेल शिक्षक, पोखरामा टेनिस, हक्कि, बास्केटवल, क्रिकेट, फुटवल, भलिवल सहित अन्य खेलको विकासमा योगदान पुराएका रन्जित गुरुङको स्मृतिमा उक्त प्रतियोगिता हुने भएको महासचिव गुरुङले जनाए। पत्रकार सम्मेलनमा सहारा हङकङका प्रतिनिधि ओम गुरुङलाई बगर भाइ खलकले आजिवन सदस्यता प्रदान गरेको छ।



बसुन्धारा पार्कमा रमाउँदै विदेशी पर्यटक : विभिन्न देशबाट नेपाल घुम्न आएका विदेशी पर्यटक र उनीहरुका बच्चाहरु बुधबार पोखरा महानगरपालिका वडा ६ स्थित बसुन्धारा पार्कमा रमाउँदै। बन्दाबन्दीपछि उनीहरु विभिन्न कारणले आफ्नो देश फर्कन पाएका थिएनन्। तस्वीर : जमुना वर्षा शर्मा

# फेदीखोलामा पुल बन्ने खबरले स्थानीयवासी खुशी

**पोखरापत्र संवाददाता**
**दमौली, १९ फागुन**

तनहुँको भीमाद नगरपालिका–५ ऋषिङपाटन र ऋषिङ गाउँपालिका–८ पल्ट्याङ जोड्ने फेदीखोलामा पुल निर्माण हुने भएको छ। गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले फेदीखोलामा पक्की पुल निर्माण शुरु गरेपछि यहाँका स्थानीयवासी खुशी भएका छन्।

हिउँदको समयमा सुकेपनि वर्षायाममा निकै ठूलो हुने छ। "हिउँदमा सामान्य भए पनि वर्षायाममा खोला बढेर तर्न एकदमै सकस हुन्छ," तनहुँको भीमाद नगरपालिका–५ ऋषिङपाटनमा तुलबहादुर थापाले भने, "फेदीखोलामा पक्की पुल बन्ने भएपछि यहाँका स्थानीयवासीलाई अब सहज हुने भयो।" यही खोलाले बगाएर विसं २०७५ जेठमा कक्षा सातमा अध्ययनरत एक बालकको मृत्यु भएको थियो। ऋषिङ गाउँपालिकाका विभिन्न वडाका सर्वसाधारणको प्रमुख व्यापारिक केन्द्र भीमाद बजार हो। उक्त गाउँपालिकाका सर्वसाधारण यही खोला तरेर भीमाद बजार आउने गर्छन्। ऋषिङको पल्ट्याङ, राम्जाकोट, कोटदरबार लगायतका ठाउँका सर्वसाधारण पनि सरसमान किन्न यही खोला तरेर आउनुपर्ने बाध्यता छ। भौतिक पूर्वाधार विकास मन्त्रालयको रु तीन करोड ५८ लाख ३१ हजार ९८० को लागतमा फेदीखोलामा पुल निर्माण शुरु भएको हो। पुल निर्माणका लागि विसं २०७७ असार २६ गते चितवनस्थित केबिसी बिल्डर्स कम्पनी प्रालिसँग सम्झौता भएको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख ओमराज ढुङ्गानाले जानकारी दिए। उनका अनुसार २५ मिटर लामो पुलको चौडाइ ८.४ मिटर रहनेछ। छ मिटरमा गाडी गुड्ने र दायाँबायाँ १.४/१.४ को पेटी निर्माण हुनेछ। सो पुल २०७८ पुस २५ गतेसम्म सम्पन्न गर्ने म्याद छ। पुल निर्माणका लागि चालू आर्थिक वर्षमा रु ७५ लाख विनियोजन भएको छ।

निर्माण कम्पनीका प्रतिनिधि कुमार आचार्यले राज्यले तोकेको मापदण्ड र प्राविधिकले दिएको निर्देशनअनुसार समयभित्रै पुल निर्माण सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे। "पुल निर्माण गर्ने समय आगामी वर्षको पुस अन्तिम सातासम्म भए पनि प्राविधिक कठिनाई नआए असार मसान्तभित्रै पुल निर्माण सम्पन्न गरिसक्छौं," उनले भने।

यस्तै गण्डकी प्रदेश सरकारको सहयोगमा नै शालिग्राम करिडोर अन्तर्गत घिरिङ गाउँपालिका–४ नयाँ टारस्थित तिरन्दीखोलामा पनि पक्की पुल निर्माण शुरु भएको छ। प्रदेशको गौरवको आयोजनाको रूपमा रहेको शालिग्राम करिडोरमा रु तीन करोड १४ लाख एक हजार २८२ को लागतमा पुल निर्माण शुरु भएको हो। पुल निर्माणका लागि २०७७ वैशाख २२ गते वाइएसएस निर्माण सेवा प्रालि सुर्खेतसँग सम्झौता भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ।

पच्चिस मिटर लामो पुल २०७८ भदौ २९ गतेसम्म सम्पन्न गर्नुपर्ने म्याद छ। कोरोनाका कारणले पुल निर्माणमा ढिलाइ भए पनि अब तीव्र गतिमा काम शुरु गरिने कार्यालयका प्रमुख ढुङ्गानाले जानकारी दिए। कुल ८.४ मिटर चौडाई रहने सो पुल निर्माणका लागि चालू आर्थिक वर्ष रु ५५ लाख बजेट विनियोजन भएको छ।

# बिटी कपमा प्रिक्वाटरका खेल जारी, कमलपोखरीको जीत

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ फागुन**



पोखरा महानगरपालिका १ बगर स्थित पुरानो टुडिखेलमा जारी 'चौथो विरेन स्मृति १४ औं बि.टी कप सेभेन ए साईड नकआउट अन्तर क्लब फुटबल प्रतियोगितामा बुधबार प्रिक्वाटरफाईनलका सात खेल सम्पन्न भएका छन्।

पोखराको पुरानो टुडिखेल मैदानमा बुधबार भएको पहिलो खेलमा एवाईसी हेम्जालाई १–० गोल अन्तरले पराजित गर्दै सँगम एफसी क्वाटरफाईनलमा प्रवेश गरेको छ। सँगमको जीतमा वेल प्रसाद गुरुङले निर्णायक १ गोलको योगदान दिए। त्यस्तै दोस्रो खेलमा सिमपानी एफसीले फिटनेसलाई २–१ गोल अन्तरले सहज जीत निकाल्यो। सिमपानीको जीतमा सुनिल तामाङ र कृष्ण क्षेत्रीले समान १ गोल गरे। भने फिटनेसको तर्फबाट किर्विनले सान्त्वना १ गोल फर्काए। पाटन एफसी र नयाँगल्ली एफसी बिच भएको तेस्रो खेल १–१ गोलको बराबरीमा सकिएपछि ट्राईबेकरमा नयाँगल्लीले ३–१ गोल अन्तरले पराजित गर्यो। त्यस्तै आयोजक निलो र चाउथे एफसी बिच भएको चौथो खेल गोल रहित बराबरीमा निर्धारित समय सकिएपछि ट्राईबेकरमा चाउथेले ३–२ गोल अन्तरले जीत निकाल्दै अघिल्लो चरणमा प्रवेश गर्यो। पाँचौ खेलमा सत्य युवा क्लब बाँफ्रापाटनले ओटु बारलाई ३–१ गोल अन्तरले पराजित गर्यो। बाँफ्रापाटनको जीतमा मन तामाङ, अजय श्रेष्ठ र उत्तम गुरुङले समान १ गोल गरे भने ओटुको तर्फबाट सिद्धान्त गुरुङले सान्त्वना १ गोल फर्काए। छैटौ खेलमा मालेपाटन एफसीले बेलीबारलाई २–० गोल अन्तरले हरायो। मालेपाटनको जीतमा सोम तामाङले २ गोलको योगदान दिए।

यसैगरी अन्तिम खेलमा कमलपोखरी क्लबले एलजी एशोसियसनमाथी १–० गोल नतिजासहित सँघर्षपूर्ण जीत निकाल्यो। कमलपोखरीको जीतमापाहुनाखेलाडीदिपेशआले मगरले निर्णायक गोल गरे। खेल संयोजक निकेश गुरुङका अनुसार बिहिबार ७ खेल सञ्चालन हुनेछन्।

# श्रीमतीले श्रीमान् बोकेर दौडिने

**पोखरापत्र संवाददाता**
**दमौली, १९ फागुन**

नारी दिवसका अवसरमा तनहुँको देवघाट गाउँपालिकाले श्रीमतीले श्रीमान् बोकेर दौडिने प्रतियोगिता आयोजना गर्ने भएको छ।

एक सय एघारौं नारी दिवसका अवसरमा गाउँपालिकाले यही फागुन २४ गते सो प्रतियोगिता गर्न लागेको हो। देवघाट–५ स्थित कालिका माध्यमिक विद्यालयमा उक्त प्रतियोगिता आयोजना हुनेछ। उक्त दौड एक सय मिटरको हुने गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापाले जानकारी दिए। गाउँपालिकाले नारी दिवसका अवसरमा विविध कार्यक्रम आयोजना गर्दैछ। त्यसमध्ये श्रीमान् बोकेर दौडिने प्रतियोगिता नयाँखालो कार्यक्रम हो। तनहुँ जिल्लामा यसअघि केही वर्ष पहिले क्षेत्रीय होटल सङ्घ तनहुँले दमौलीमा श्रीमानले श्रीमती बोक्ने प्रतियोगिता आयोजना गरेको थियो। गाउँपालिकाले नारी दिवसका अवसरमा दिवा खाजा व्यवस्थापनका लागि विद्यालय र बाल विकास केन्द्रलाई भाँडाबर्तन वितरण तथा ढोरबाराही डेन्टल केयर सेन्टरको सहयोगमा महिला स्वस्थ्य दाँत प्रतियोगिता एवं दन्त शिविरसमेत आयोजना गर्दैछ।

# स्वास्थ्य केन्द्रका लागि एक अर्ब आठ करोड निकासा

**रासस**
**काठमाडौं, १९ फागुन**

अर्थ मन्त्रालयले ११३ वटा स्थानीय तहमा निर्माणाधीन स्वास्थ्य सेवा केन्द्रका लागि रु एक अर्ब आठ करोड ५३ लाख २३ हजार शसर्त अनुदानका रुपमा निकासा गर्ने भएको छ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वडास्तरीय स्वास्थ्य सेवा केन्द्रको निर्माणाधीन भवनको दायित्व भुक्तानीका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रस्तावमा रकम निकासामा स्वीकृत दिएका हुन्।

स्थानीय तहका सबै वडाबाट प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिअनुसार दुई हजार ६२६ वडामा स्वास्थ्य संस्था निर्माणाधीन अवस्थामा छन्। स्वास्थ्य संस्थाको काम सम्पन्नताका आधारमा वित्तीय हस्तान्तरणका रुपमा रकम पठाउने गरिन्छ।

अर्थ मन्त्रालयका प्रवक्ता सुमन दाहालले चालू आर्थिक वर्षमा स्वास्थ्य सेवा केन्द्र निर्माणका लागि रु चार अर्ब २० करोड विनियोजन गरिएको र त्यसमध्ये यसअघि रु दुई अर्ब ६९ करोड २८ लाख ५८ हजार निकासा भइसकेको जानकारी दिए। अर्थ मन्त्रालयले प्रत्येक स्थानीय तहमा आधारभूत अस्पताल निर्माण कार्यक्रमअन्तर्गत रु ५७ अर्ब ९७ करोड बराबरको स्रोत सुनिश्चित गरेको थियो। सोहीअनुसार गत मङ्सिर १५ गते ३०८ स्थानीय तहमा आधारभूत अस्पतालको शिलान्यास गरिएको थियो।






कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता**: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्बन्धी रोग**: छारसुनद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन विहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# प्रतिनिधि सभाले फुकाउनु पर्ने गाँठो

सर्वोच्च अदालतले पुनर्स्थापन गरेको प्रतिनिधि सभाको हिउँदे अधिवेशन फागुन २३ गतेदेखि शुरु हुँदैछ । प्रतिनिधि सभाको अधिवेशन बोलाउन सर्वोच्च अदालतले परमादेश जारी गरे अनुसार हिउँदे अधिवेशन आव्हान भएको छामन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रतिनिधि सभाको बैठक आह्वान भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले पुस ५ गते प्रतिनिधि सभाको विघटन गर्न सिफारिस गरेपछि राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधि सभा विघटन गरेकी थिइन । विघटन विरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दामा अदालतले प्रतिनिधि सभा विघटनसँग सम्बन्धित निर्णय तथा राष्ट्रपति कार्यालयबाट जारी भएका विज्ञप्तिलगायतका सबै काम कारबाही प्रारम्भदेखि नै शून्य रहने गरी बदर गरेको थियो । धारा ९३ अनुसार 'एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशन प्रारम्भबीचको अवधि छ महिनाभन्दा बढी हुनुहुँदैन । प्रतिनिधि सभाको अधिवेशन बोलाउन १३ दिनमात्र बाँकी रहेको अवस्थामा यसलाई भङ्ग गरिएकाले सर्वोच्च अदालतले १३ दिन तोकेरै अधिवेशन बोलाउन परमादेश दिएकाले अधिवेशनको मिति तोकेर मन्त्रिपरिषद्ले सिफारिस गरेको हो ।

अधिवेशन अगावै सांसदहरूलाई निलम्बन गर्ने र आफ्नो पक्षमा तान्ने होड चलेको छाकानुनी रुपमा नेकपा विभाजित भएको छैन । राजनीतिक र ब्यवहारिक रुपमा नेकपा फुटेको छ । प्रतिनिधि सभाले आफूलाई काम गर्न नदिएको दाबी गर्दै विघटन गर्नुपरेको प्रधानमन्त्रीले अदालतदेखि आम जनसमुदायसम्म अपिल गरेका थिए । अहिले सरकारले नै यो अधिवेशन बोलाएर दायित्व पुरा गरेको छ । आधिकारिक रूपमा पार्टी फुटेको छैन, न त संसदीय दल विभाजन भएर नयाँ दल बनेको छ । यस्तो अवस्थामा संसदीय दलको नेता र पार्टीका अध्यक्ष प्रधानमन्त्री केपी शर्मा ओली छन । प्रतिनिधि सभाबाट वर्तमान गत्यवरोध कसरी हट्छ भन्ने कौतुहलता छा नेकपाको आन्तरिक सत्ता संघर्षबाट उत्पन्न भएको हुँदा त्यसको बाछिटा प्रतिनिधि सभा र सिङ्गो मुलुकको राजनीतिमा परेको छ । एकातिर आफैँले भङ्ग गरेको प्रतिनिधि सभामा कुन राजनीतिक नैतिकता लिएर प्रधानमन्त्री उपस्थित हुने भन्ने प्रश्न उठाइएको छ भने अर्कोतिर प्रधानमन्त्रीले प्रतिनिधि सभाको सामना गर्ने धारणा राख्दै आएका छन । प्रतिनिधि सभाको सामना गर्ने प्रधानमन्त्रीको साहसलाई संसदीय अभ्यासमा नकारात्मक मान्न सकिँदैन ।

सडकमा जेजस्ता समस्या आएका भए पनि त्यसलाई संसद् (प्रतिनिधि सभा)ले टुङ्गो लगाउनुपर्ने भएकाले सबै विवादको निकास जनताको सर्वोच्च त्यही निकायबाट खोज्नुछ तर गतिरोधमा केही कानुनी विवाद बाँकी नै छन् । अदालतले मुद्दामा विपक्षीले गरेका मागलाई सम्बोधन गरेर निर्णय सुनाउँछ । बाँकी कार्यमा विभिन्न निकायले आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्छ । संसदको हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन पनि भनिन्छ । त्यहाँ अहिले करिव तीन दर्जन विधेयक विचाराधीन छन् । प्रतिनिधि सभाको अधिवेशन आह्वान भए पनि बैठकमा छलफलका विषय तय भएका छैनन् । त्यसैले यो अधिवेशन कसरी अगाडि बढ्छ भन्ने अन्योल छ । प्रधानमन्त्रीको विकल्पमा अर्को प्रधानमन्त्री चयन हुने अवस्था आएन भने के हुन्छ भन्ने प्रश्न पनि आफ्नो ठाउँमा जटिल भएर तेर्सिएको छ । यस्तो अवस्थामा प्रतिनिधि सभाले आफ्नो गरिमा कायम गर्न सकेन भने संसद्को असन्तोष सडकमा पुग्नेछ, यसले कसैको पनि हित गर्ने छैन ।

मुलुक थप राजनीतिक अस्थिरतामा पर्नेछ । संसदीय व्यवस्थामा हरेक राजनीतिक समस्या संसद्भित्रैबाट खोज्नुपर्ने हुन्छ । संसद्बाहिर गएर कुनै पनि समाधान खोज्न नमिल्ने भएकाले सबैले यस पक्षमा गम्भीर हुनुपर्छ । अहिलेको मुद्दा सरकार बचाउने कि गिराउनेभन्दा पनि संविधानले व्यवस्था गरेको राजनीतिक स्थिरतालाई मूर्तरूप दिनुपर्ने भएकाले सबैले राष्ट्रिय हित र संविधानको भावना तथा राजनीतिक मर्यादाअनुरूपका समाधानमा सहयोगी बन्नुपर्छ । सर्वोच्च अदालतले संवैधानिक तथा कानुनी सवाल निरूपण गरेर एउटा गाँठो फुकाइदिएको छ, राजनीतिक अन्य गाँठा फुकाउँदै जानसक्ने हैसियत तथा विवेक प्रतिनिधि सभाले राख्नुपर्छ ।

# फेवातालको क्षेत्रफल दुई हजार ५०० रोपनी वृद्धि

–जमुनावर्षा शर्मा
पोखरा, १९ फागुन (रासस)

निकै लामो समयदेखि चर्चा र विवादको विषय बनिरहेको फेवातालको पछिल्लो क्षेत्रफल हालै सार्वजनिक भएको छ । सरकारद्वारा गठित फेवातालको चारकिल्ला निर्धारण, सीमाङ्कन तथा नक्साङ्कन समितिले तयार पारेको प्रतिवेदन यही फागुन २ गते नेपाल सरकारलाई पेश गरेको थियो भने ४ गते भूमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालयले मन्त्रिपरिषद्मा पेश गऱ्यो । एक हप्तापछि फागुन ११ गते मन्त्रिपरिषद्ले निर्णय गरेपछि फागुन १७ गते पहिलोपल्ट राजपत्रमा फेवातालको चारकिल्ला र सिमानासम्बन्धी विवरणसहित सूचना प्रकाशन भएको छ ।

फेवातालको क्षेत्रफल सार्वजनिक भएसँगै सामाजिक सञ्जाललगायत कतिपय सञ्चारमाध्यममा तालको क्षेत्रफल घटेको भन्दै विभिन्न टीकाटिप्पणीसमेत आउन थालेका छन् । नेपाल राजपत्रको खण्ड ७० भाग ५ मा फेवातालको क्षेत्रफललाई ११ हजार २५५ रोपनी ११ आना एक पैसा (५.७२६ वर्गकिलोमिटर) कायम गरी सूचना प्रकाशित गरिएको छ ।

समितिका संयोजक पुण्यप्रसाद पौडेल फेवातालको क्षेत्रफल घटेको नभई कानूनी रूपमा बढेको तर्क गर्नुहुन्छ । फेवातालको क्षेत्रफलका विषयमा प्रतिवेदनको गहिरो अध्ययन गरे भ्रमबाट मुक्त भइने उहाँको भनाइ छ । "हामीले विभिन्न आधारमा रहेर तालको क्षेत्रफल निर्धारण गरेका छौँ, फेवा बाँधको ४९४.७० मिटरको उचाइबाट तालको क्षेत्रफल कायम हुने, वर्षायाममा पानीले ओगेटेको क्षेत्रफल, तालसम्बन्धी हालसम्म भएका अध्ययन प्रतिवेदनको विश्लेषण, स्थानीय ज्येष्ठ नागरिकको भनाइ, टोमोग्राफी सर्भे गरी माटो र लेदोले पुरेको तालको भाग खोजिएको छ । साथै, त्यहाँबाट बग्ने भकुण्डे भन्ने खोला जुन विसं २०१० देखि अविचलित र यथास्वरूपमा बगिरहेको विषयलाई पनि आधार मानिएको छ । यी विविध विषयलाई मानेर प्रमाणित गरिएको छ ।" उहाँले यसअघि फिताले नापेर नभई कसैको सामान्य भनाइलाई मात्र उदृत गरिएको प्रमाणित नभएको प्रतिवेदन सार्वजनिक भएको बताउनुभयो । पौडेलले यसअघि मालपोतको स्रेस्तानुसार कित्ता नं २९७ कायम भई क्षेत्रफल आठ हजार ७०७ रोपनी १२ आना २ पैसा २ दाम कानूनी क्षेत्रफल रहेकामा पछिल्लो प्रतिवेदनले कानूनी तबरबाट हेर्दा दुई हजार ५४८ रोपनी क्षेत्रफल बढ्न गई हाल ११ हजार २५५ रोपनी ११ पैसा १ दाम भएको बताउनुभयो । सुक्ष्म र वैज्ञानिक आधारबाट नापिएकाले यो नै फेवातालको वास्तविक र आधिकारिक क्षेत्रफल भएको उहाँको भनाइ छ । फेवातालको क्षेत्रफलका विषयमा हालसम्म भएका अध्ययन प्रतिवेदनमा उल्लिखित तथ्याङ्कमा ब्रिटिस सर्भे अफ इण्डियाले (सन् १९२५/१९२६) ३.४६ वर्ग किलोमिटर, सर्भे अफ इण्डियाले (सन् १९५७/१९५८) ४.३९ वर्ग किलोमिटर, नेपाल-भारत सहयोग मिसनको रिपोर्ट (विसं २०१८) १०.३५ वर्ग किलोमिटर, पहिलो किल्ला नापी (कित्ता न २९७) (विसं २०३२) ४.४३ वर्ग किलोमिटर, नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)को अध्ययन प्रतिवेदन (विसं २०३८) ५.८० वर्गकिलोमिटर, आइयुसिएनको प्रतिवेदन (विसं २०५२)४.४९ वर्ग किलोमिटर, जिल्ला विकास समिति कास्की (विसं २०५८) ४.२५ वर्ग किलोमिटर, पोखरा उपत्यका नगर विकास समिति (विसं २०६४) ५.०६ वर्ग किलोमिटर, विश्वप्रकाश लामिछानेको प्रतिवेदन (विसं २०६९) ६.५ वर्ग किलोमिटर, भूमिसुधार मन्त्रालय (विसं २०७२) ५.०७ वर्ग वर्गकिलोमिटर, पोखरा महानगरपालिकाले (विसं २०७७ ) ५.०८ वर्ग किलोमिटर र फेवातालको सीमाङ्कन प्रतिवेदन तयार पार्न गठित समिति २०७७ मा ५.७२६ वर्ग किलोमिटर छन् । समितिका सदस्य-सचिव एवं कास्की नापी कार्यालयका प्रमुख खिमलाल गौतम पनि तालको क्षेत्रफल घटेको नभई कानूनी स्रेस्ताको आधार हेर्ने हो भने १३० हेक्टर (२५४८ रोपनी) जति बढेको बताउनुहुन्छ । "आजसम्म फेवातालको सिमाङ्कन र क्षेत्रफलको विषयमा दर्जन अध्ययन प्रतिवेदन सार्वजनिक भएका छन्, कतिपय स्थानमा केबल उल्लिखित मात्र भएका छन्, तर ती वैज्ञानिक थिए वा थिएन भन्नेतर्फ कसैले ध्यान दिएनन्", गौतमले भन्नुभयो, "हाम्रो ध्यान विशेष रूपमा नेपाल भारत सहयोग मिसनको प्रतिवेदनमा उल्लेख गरिएको चार वर्ग मिल (१०.३५ वर्गकिमी) को आधार के हुन सक्छ भनेर खोज्नमा धेरै समय लगाइयो तर कुनै पनि तथ्य र त्यसबेला सन् १९५७/५८ मा सर्भे अफ इण्डियाबाट प्रकाशित नक्सालाई जियोरिफ्रेन्सिङ गरी कम्प्युटर सफ्टवेयरको प्रयोग गरी क्षेत्रफल मापन गर्दा त ४.३९ वर्ग किमी मात्र देखिँयौं ।" सो नक्शामा हेर्दा हालको फिस्टेल होटेलभन्दा तल त फेवा खोला पो थियो, तलपट्टि हाल जुन स्थानमा ताल छ त्यहाँ ताल नभएको उहाँको भनाइ छ ।

नापी कार्यालयका प्रमुख गौतमले कसले कति क्षेत्रफल लेख्योभन्दा पनि के आधारमा लेख्यो र के त्यो लेखेको कुरा नक्साले पुष्टि गरेको छ भनेर समितिले हेरेको बताउनुभयो । उहाँले आजसम्म कसैले नहेरेको दाबीसमेत गर्नुभयो । गौतमले भन्नुभयो, "हामीले विविध पक्षलाई आधार मानेर वैज्ञानिक रूपमा सुक्ष्म अध्ययन गरेका छौँ । हामीले बहुआधारको विश्लेषण गरी त्यसबाट आएको अन्तरछेदन मानाङ्कलाई सिमाना कायम गरेकाले यो अत्यन्तै वैज्ञानिक छ ।" उहाँले अब फेवातालको चारकिल्लाको कुरा गरेर मात्र नहुने भन्दा अब फेवातालको पाँचौं किल्लातर्फ जानुपर्ने बताउनुहुन्छ । "अब चारकिल्ला मात्र होइन, सबैको ध्यान फेवातालको पाँचौं किल्लातर्फ जानुसमेत आवश्यक छ, पाँचौ किल्ला भनेको फेवातालको गहिराइ हो, हर्पनखोला लगायतका मुहानबाट आउने खोलाले ल्याउने माटो र लेदोले तालको गहिराइ वर्षेनी पुरिदै गएको विभिन्न प्रतिवेदनले औंल्याइसकेका छन्", उहाँले भन्नुभयो । बेलैमा दीर्घकालीन संरक्षण र समुचित प्रयोग गर्न नसकेको खण्डमा हामीले भावी पुस्तालाई यो प्रकृतिको अनुपम नासो फेवाताल जिम्मा लगाउन नपाउन पनि सक्ने अवस्था रहेको गौतमको भनाइ छ । उहाँले सम्बन्धित निकाय सचेत र जिम्मेवार भएर सही समयमा सही निर्णय गर्न फेवातालको संरक्षण र विकासमा लाग्नु अपरिहार्य रहेको बताउनुभयो । नेपाल राजपत्रमा नै पहिलोपटक फेवातालको चारकिल्लासम्बन्धी सूचना प्रकाशित भइसकेकाले अब महानगरलाई काम गर्ने वातावरण सहज भएको गौतमको भनाइ छ । उहाँका अनुसार फेवातालको चारकिल्ला निर्धारण सीमाङ्कन तथा नक्साङ्कन समितिले मिति फागुन १८ गते पोखरा महानगरपालिकालाई मापदण्ड कायम गरी फेवातालको दीर्घकालीन संरक्षणमा ध्यान दिन निर्देशनसमेत दिएको छ ।

अदालतको फैसलाको कार्यान्वयन पनि हुन जान्छ, फेवातालको संरक्षण पनि हुन जान्छ । समितिले सरकारबाट पारित भएको फेवातालको नक्सासमेत महानगरलाई उपलब्ध गराएको र सोही बमोजिम अघि बढ्न नीतिगत निर्देशन दिएको छ । "हामी कसले के भन्यो भन्नेतिर ध्यान दिएका छैनौं, हाम्रो ध्यान त सरकारले समितिलाई दिएको कार्यक्षेत्रगत शर्तानुसारको तोकिएको समयसीमाभित्र कार्यसम्पादन गर्न सकिन्छ या सकिन्न भन्नेमा रहेको छ", समितिका सदस्य एवं मालपोत कार्यालय कास्कीका प्रमुख राजेन्द्र पौडेलले भन्नुभयो । समितिले हालै सरकारबाट पारित भएको फेवातालको भागभित्र परेका कित्ता जग्गा के कसरी कुन प्रक्रियाबाट दर्ता हुन गए, के कस्तो प्रकृतिका जग्गा छन् भन्ने लगायतको यथार्थ विवरण तयार गर्ने तथा दूषित दर्ता भएका जग्गाको लगत तयार गर्ने र त्यस्ता जग्गाको दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्न भूमिसुधार तथा मालपोत विभागका निर्देशक गुरूदत्त सुवेदीको नेतृत्वमा पाँच सदस्यीय उपसमिति समेत गठन गरिसकिएको छ । समितिले फेवातालको सौन्दर्य र गरिमा यथावत् कायम राख्न, फेवाताल जलाधार क्षेत्रको दीर्घकालीन संरक्षण एवं विकासका लागि बृहत्तर गुरुयोजना तयार गर्ने सम्बन्धमा कार्य क्षेत्रगत शर्त तयार गर्नका निमित्त तीन सदस्यीय उपसमिति समेत गठन गरेको छ । "निकै उत्साहित भएर समितिले काम गरिरहेको छ, सबै प्रश्नको एकै पटक जवाफ त दिन सकिदैन नि, समय क्रममा विस्तारै सबै कुरा बाहिर आउँछन्", समितिका संयोजक पौडेलले भन्नुभयो ।

पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले राजपत्रमा फेवातालसम्बन्धी सूचनाले दीर्घकालीन संरक्षण र सम्वर्द्धनमा सबै निकायलाई औपचारिक तवरबाट अघि बढ्न कानूनी बाटो खुल्ला भएको बताउनुभयो । प्रमुख जिसीले भन्नुभयो,"लामो समय 'क्रोनिक' अवस्थामा भएको तालको सीमाङ्कन निर्धारण भएको छ, यसको आधिकारिता कायम भएको छ । राजपत्रमा पहिलोपटक फेवातालको चारकिल्लासम्बन्धी सूचना प्रकाशित भएको छ । अब फेवातालको बारेमा नकारात्मक कुरा उठ्न जरुरी छैन । हामी तथ्यमा रहेर काम गरेका छौँ । अझै तथ्यको खोजी हुन्छ, तथ्यको खोजी निरन्तर चलिरहन्छ, अहिले सत्यतथ्यको आधारमा क्षेत्रफल कायम भएको छ ।" उहाँले महानगरपालिकालाई अब मापदण्ड निर्धारण गर्न सहज भएको जनाउँदै एक चरणको मापदण्डको अध्ययन पूरा भइसकेको र दोस्रो चरणबाट फेरि अध्ययन भएर यो काम छिट्टै टुङ्गिने बताउनुभयो ।

राजपत्रमा फेवातालको चारकिल्ला पूर्वमा ड्यामसाइड, पश्चिममा मोरेबगर, उत्तरमा खपौंदी-चङ्कपुर बीचको दम्किलो र दक्षिणमा चिसोपानी रानीवन कायम गर्ने र सिमानामा विषयमा अनुसूचीमा रहेको नक्साबमोजिम फेवातालको तल्लो तटीय क्षेत्र (ड्यामसाइड, रानीवन, गौरीघाट, लेकसाइड, गैराको चौतरा, सेदी, खपौंदी, लामीडाँडा, अनदुसमेतको क्षेत्र) वर्षायामको अधिकतम पानीको किनारा र फेवातालको मुहानतर्फ मोरेबगरको माछापोखरीबाट उत्तरपूर्वतर्फ हर्पन खोला पार गरी भकुण्डेखोलाको अन्तिम घुम्ती नजिक हुँदै माझथुम ढिस्कोको दक्षिणी भागलाई छोई पूर्वतर्फ रहेको दलदले ढाप क्षेत्रलाई समेटी पामे घाँटीछिना मोटरबाटोसम्म कायम गर्न उल्लेख छ ।

# करेन्ट लागेर किशोरको मृत्यु

पोखरापत्र संवाददाता
दमौली, १९ फागुन

भानु नगरपालिका-१ स्थित आज करेन्ट लागेर एक किशोरको मृत्यु भएको छ । बन्दीपुर गाउँपालिका-४ डुम्रेका १६ वर्षीय स्वरुप तामाङको चुँदी खोलामा माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

चुँदी खोलामा करेन्ट लगाएर माछा मार्ने क्रममा तामाङको मृत्यु भएको इलाका प्रहरी कार्यालय भानु मुकाम डुम्रेका इन्चार्च प्रहरी निरीक्षक प्रकाश भुसालले जानकारी दिनुभयो । उहाँका अनुसार करेन्ट लागेर तामाङ मृतावस्थामा खोलामा भेटिएपछि स्थानीयले प्रहरीमा खबर गरेका थिए । मृतकको शव परीक्षणका लागि दमौली अस्पताल पठाइएको उहाँले बताउनुभयो ।

# पूर्वविद्यार्थीले दिन्छन् छात्रवृत्ति

पोखरापत्र संवाददाता
बागलुङ, १९ फागुन

अमेरिकामा बसेर काम गरिरहनुभएका डा हेमराज रेग्मीले दुई दशकअघि हरिचौरको न्यू लाइफ आवासीय माविमा पढ्नुहुन्थ्यो । उहाँ विदेशमा पुगेर पेशामा जोडिएपछि गाउँका बालबालिकालाई छात्रवृत्ति दिने काममा सहयोग गर्न थाल्नुभएको छ । पछिल्लो सात वर्षदेखि उहाँले ६ जना बालबालिकालाई निःशुल्क पढाउनुभएको छ ।

कक्षा १२ सम्म ती बालबालिका पढाउन आवश्यक पर्ने रकम उहाँले पठाउने गरेको पूर्वविद्यार्थी फमबहादुर खत्रीले बताउनुभयो । बालबालिकालाई शिक्षण शुल्क, पोशाक, पुस्तक, स्टेशनरीलगायत सबै सहयोग गर्नुभएको छ । उहाँको सहयोगबाट दलित, जनजाति र विपन्न परिवारका बालबालिकाले संस्थागत विद्यालयमा पढ्ने अवसर पाएका छन् । उहाँले छात्रवृत्ति दिएका सबै बालबालिका गलकोट नगरपालिका-६ को न्यू लाइफ आवासीय माविमै अध्ययन गर्छन् ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शारिरीक झमेला | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

# Arjunchaupari Rural Municipality
## Office of the Rural Municipal Executive
## Arjunchaupari, Syangja

# Invitation for Sealed Quotation

**First Date of Publication: 4th March, 2021 (20th Falgun, 2077)**

1. Arjunchaupari Rural Municipality Office, Arjunchaupari, Syangja invites Electronic and hardcopy sealed quotation from duly eligible and qualified registered suppliers for the procurement of following goods under sealed quotation.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount including VAT | Non Refundable Bid Document Fee Amount | Bid Security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | ACRM/SQ/ GOODS/ 06/2077/078 | Deliver and Supply Mini Tiller (not less than 7 HP) and Combined Rice Mill (2.2Kw/3HP) to Arjunchaupari | NRs. 19,80,000 | NRs. 1000 | NRs. 50,000 | 19th March, 2021 (2077/12/20) 12:00 hr | 19th March, 2021 (2077/12/20) 13:00 hr |

| Bank Name | Name of Office | Account Number |
|---|---|---|
| Rastriya Banijya Bank Arjunchaupari, Syangja | Arjunchaupari Rural Municipality Arjunchaupari, Syangja | For Bid Document Fee (Sanchit Kosh Account): 3270100304010002<br>Dharauti Account: 3270100303000002 |

2. A complete set of bidding documents may be purchased (till 18th March 2021 17:00 hrs.) from the office and submitted to the same as mentioned in the table above.

**Chief Administrative Officer**

# मानव सेवा आश्रमको भवन बनाइने

**पोखरापत्र संवाददाता**
**लमजुङ, १९ फागुन**

आश्रम भवन निर्माणका लागि मानव सेवा आश्रमका प्रमुख संरक्षक गोविन्द टन्डन, केन्द्रीय अध्यक्ष रामजी अधिकारी, पूर्व मिस नेपाल शृङ्खला खतिवडालगायत प्राविधिक टोलीले स्थलगत अध्ययन तथा अवलोकन गरेको छ।

बैंसीशहर नगरपालिका-९ पाखाथोक बालसपना समाजले उपलब्ध गराएको पाँच रोपनी जग्गामा निर्माण हुने मानव सेवा आश्रमको लागि आज उहाँहरूले स्थलगत अध्ययन तथा अवलोकन गर्नुभएको हो।

सो अवसरमा आश्रमका प्रमुख संरक्षक टन्डनले मानवीयताले गर्ने सबैभन्दा ठूलो काम मानवीय सेवा रहेको बताउनुभयो । समुदायस्तरमा भएका सङ्घसंस्था, सर्वसाधारण सबै मिलेर अघि बढेमा आश्रम भवन निर्माण गर्न सहज हुने उहाँको भनाइ छ। आश्रमका केन्द्रीय अध्यक्ष अधिकारीले भन्नुभयो, "नेपाललाई विसं २०८२ सम्म सडक मानवमुक्त घोषणा गर्ने भनिए पनि सोभन्दा अघि नै विसं २०७८ फागुनसम्म घोषणा गर्ने गरी अघि बढिरहेका छौँ ।" लमजुङलाई जिल्लालाई सो भन्दा अघि नै सडकमा नवमुक्त घोषणा गर्न लागेको उहाँको भनाइ छ। आश्रम निर्माणका लागि अर्थ सङ्कलन गर्ने उद्देश्यले चाँडै महायज्ञ आयोजना गरिने बताइएको छ।

इन्जिनीयर तथा पूर्व मिस नेपाल खतिवडा स्थलगत अवलोकन गरेपछि यहाँ आश्रम भवन निर्माणको लागि चाँडै नक्शा निर्माण गर्ने बताउनुभयो। उहाँले यहाँ जिल्लाकै नमूना तथा परम्परागत रूपमा आश्रम बनाउन भूमिका निर्वाह गर्ने उहाँको भनाइ छ । नगरप्रमुख गुमानसिंह अर्याल, वडाध्यक्ष शरद बराललगायतले यहाँ आश्रम भवन निर्माणका लागि आ-आफ्नो भूमिका तथा तहबाट विभिन्न सहयोग गर्ने बताउनुभयो।

आश्रमकी संयोजक अनिता अधिकारीले यस भवन निर्माणका लागि नक्सा तयार गर्नेदेखि आसपासमा विभिन्न संरचना तयार पूर्व मिस नेपाल खतिवडाले गर्ने बताउनुभयो । आश्रममा १०० जना सडक मानव अट्ने भवन, शौचालय, कार्यालयदेखि विभिन्न संरचना निर्माण गर्ने आश्रमले जनाएको छ। आश्रमका अनुसार त्यस्तै यस आश्रम परिसरमा बाल सपना समाजसँग समन्वय गर्दै आश्रमले बाल उद्यान, ज्येष्ठ नागरिक आश्रम, ब्यायमशाला, उपचार कक्षलगायतका संरचना निर्माण गर्ने भएको छ।

आश्रम निर्माणका लागि गत मङ्सिर १७ गते बाल सपना समाज लमजुङले निःशुल्क पाँच रोपनी जग्गा प्रदान गरेको थियो । समाजको नाममा रहेको १३ रोपनी जग्गामध्ये पाँच रोपनी जग्गा सरकारी मूल्यअनुसार रु एक करोड ६८ लाख छ हजारबराबरको जग्गा आश्रमलाई निःशुल्क उपलब्ध गराइएको समाजका अध्यक्ष बालकृष्ण बरालले बताउनुभयो।

गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले आश्रमको भवन निर्माणका लागि यस चालू आर्थिक वर्षमा रु ५० लाख विनियोजित गरेको आश्रमले जनाएको छ। यस आश्रम २०७३ चैत १२ गते छैटौं शाखाका रूपमा यस नगरपालिका-७ हाइस्कुल चोकमा एक स्थानीयवासीको घर भाडामा लिएर आश्रम सञ्चालन गर्दै आएको छ। यस आश्रममा हाल ३२ जना बेवारिसे सडक मानवले आश्रय लिइरहेका छन्।

# छिस्तीमा हवाई चप्पल उत्पादन

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ फागुन**

बागलुङको दक्षिण जैमिनी नगरपालिका-८ छिस्तीका युवा कमल विश्वकर्माले गाउँमै हवाई चप्पल उत्पादन गर्न शुरु गर्नुभएको छ।

रोजगारीको सिलसिलामा विदेशिने युवाहरूको जमात बढिरहेका बेला छिस्तीका युवा विश्कर्माले ग्रामीण क्षेत्रमै व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यले गाउँमा हवाई चप्पल उत्पादन गर्न शुरु गर्नुभएको हो। केही समयअघि पोखराका केही सञ्चारमाध्यममा समेत काम गर्नुभएका विश्वकर्माले अहिले भने गाउँमै केही गर्नुपर्छ भन्ने हेतुले छिस्ती धुसमा चप्पल उद्योग सञ्चालनमा ल्याएको बताउनुभयो। मानिसका लागि अति आवश्यक पर्ने चप्पल बाहिरी देश अथवा गाउँभन्दा बाहिरबाट ल्याउँदा धेरै महँगो पर्ने भएकाले आफूले गाउँमै उद्योग सञ्चालन गरेको उहाँको भनाइ रहेको छ। पाँच लाख लगानी गरेर सञ्चालन गरिएको उद्योगमा दैनिक १०० देखि १५० जोडीसम्म चप्पल उत्पादन हुँदै आएको उहाँले जानकारी दिनुभयो। उत्पादित चप्पल बागलुङ बजारसँगै छिमेकी जिल्ला गुल्मी, पर्वतमा पनि बिक्री भइरहेको विश्वकर्माले बताउनुभयो। स्वदेशमै राम्रो आम्दानी गर्न सकेमा विदेश जानुपर्ने बाध्यताको अन्त्य हुने उल्लेख गर्दै उहाँले अर्काको देशमा रातदिन पसिना बगाए पनि आत्मसम्मान नहुने भएकाले स्वदेशमा व्यवसाय शुरु गरेको बताउनुभयो। अहिले उद्योगमा बाबुछोराले काम गरिरहेको र अब केही समयपछि लगानी बढाएर गाउँमै रहेका युवाहरू पनि रोजगार दिने सोचमा रहेको बताउनुभयो।

# थप ८७ मा कोरोना भाइरस संक्रमण

**रासस**
**काठमाडौं, १९ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप ८७ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय तीन हजार ३३९ जनाको स्वास्थ्य परीक्षण गर्दा ३५ महिला र ४२ पुरुष गरी सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो।

त्यस्तै पछिल्लो समय कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या एक रहेको छ । नेपालमा आजसम्म कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ७४ हजार ३८१ पुगेको छ । पछिल्लो समय थप ६२ जना निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या दुई लाख ७० हजार ६०५ रहेको छ। निको हुनेदर भने ९८ दशमलव छ प्रतिशत रहेको छ।

# वैदेशिक रोजगारी छाडेर च्याउ खेतीमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ फागुन**

रोजगारीको खोजीमा युवा विदेशिने क्रम बढिरहेका अवस्थामा यहाँका एक युवा भने व्यावसायिक च्याउ खेती गर्दै अरुका लागि पनि अनुकरणीय बन्नुभएको छ।

पर्वतको फलेवास नगरपालिका-९ भङ्गरका ४० वर्षीय कृष्णप्रसाद सुवेदी डेढदशक अघि तीन वर्ष वैदेशिक रोजगारीमा मलेसिया जानुभएको थियो। वैदेशिक रोजगारीले उहाँलाई स्वदेशमा नै केही गर्नुपर्छ भन्ने सिकायो। विदेशको अनुभव र भोगाइ बटुल्दै फर्कनु भएका सुवेदी त्यसपछि भने कहिल्यै विदेश जानुभएन।

त्यसपछि च्याउ खेतीमा लाग्नुभएका सुवेदी हाल दाजुभाइ च्याउ फर्म सञ्चालन गर्दै यसको व्यावसायिक खेतीमा निरन्तर लाग्नुभएको छ । "मलेसियाबाट फर्के लगत्तै पोखराको मझेरी पाटनमा दुई रोपनी जग्गा लिएर शुरु गरेको च्याउ खेतीले अन्ततः मलाई यसको व्यावसायिक खेतीतर्फ आकिर्षत गऱ्यो", रासससँग कुरा गर्दै उहाँले भन्नुभयो, "त्यस यताको १५ वर्षे समयावधिमध्ये विभिन्न स्थानका साथै पछिल्ला छ वर्षको समय पोखरा महानगरपालिका-१९ चितेपानीमा च्याउखेती गरेँ ।" यस वर्षदेखि पोखरा महानगरपालिका-३३ बागमारास्थित महाकाली चोकमा च्याउ खेती शुरु गरेको उहाँले जानकारी दिनुभयो । व्यावसायिक च्याउ खेतीमा राम्रो सम्भावना भएर नै आफूले डेढदशक यसैमा समय बिताएको अनुभव सुनाउँदै उहाँले कोरोना महामारी भन्दा अघिसम्म यस व्यवसायबाट मासिक रु दुई लाखसम्म आम्दानी हुने गरेको जानकारी दिनुभयो । "कोरोना शुरु हुनुभन्दा अघिसम्म मासिक रु दुई लाखसम्म आम्दानी हुने गरे पनि कोरोना महामारीका कारण त्यसयता हालसम्म नै मासिक रु दुई लाखकै हाराहारीमा घाटा व्यहोर्दै आएको छु", उहाँले भन्नुभयो, "आगामी दिनमा कोरोना महामारीको प्रभाव कम हुँदै व्यवसाय पूर्ववत् रूपमा फर्कने आशा गरेको छु।" कोरोना महामारीका कारण बीचमा भएको लकडाउनका कारण च्याउ खेतीका लागि आवश्यक पर्ने सामान ढुवानीलगायतमा समस्या झेल्नु परेको उहाँले सुनाउनुभयो । बन्दाबन्दी पहिला च्याउ खेतीका लागि आवश्यक पर्ने पराल प्रति ट्रक रु ५० हजारमा पाइने गरेकोमा अहिले भने एक लाख पर्ने गरेको उहाँले जानकारी दिनुभयो । ट्रकमा पराल ढुवानीका क्रममा बाहिर निस्केमा सडक सुरक्षा जाँचका क्रममा जरिवाना तिर्नुपर्ने लगायतका झन्झटका कारण गाडीवाला पराल बोक्न गाह्रो मान्ने गरेको र ढुवानीमा बढी रकम तिर्नुपरेको उहाँले गुनासो सुनाउनुभयो। कोरोना अघिसम्म आफूले १६ व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएको बताउँदै सुवेदीले अहिले चार जनालाई मात्र रोजगारी दिन सकेको बताउनुभयो। "पहिले न्युनतम १०० वटासम्म च्याउका टनेल बनाएका थियौं", उहाँले भन्नुभयो, "प्रत्येक दिन ३०० किलो च्याउ बजारमा पठाइन्थ्यो, अहिले १५ वटा मात्रै टनेल छन्, मुस्किलले दैनिक १०० किलो निकाल्न पनि धौधौ छ।" उहाँका अनुसार तामक्रमको सन्तुलन मिलाउन सकेमा च्याउ खेती बाह्रैमहिना गर्न सकिन्छ। यसका लागि २० देखि २८ डिग्री सेन्टिग्रेड तापक्रम आवश्यक पर्दछ। सरकारले च्याउ खेतीका लागि तापक्रम अनुकूलित टहरा बनाइदिने हो भने कृषकलाई ठूलै राहत मिल्ने उहाँले बताउनुभयो । सुवेदीले हाल कन्ये र सिताके च्याउ लगाउनुभएको छ । बजारमा कन्ये च्याउ प्रतिकिलो २०० रुपैयाँ पर्छ भने सिताके च्याउ प्रति किलो ६०० रुपैयाँ पर्दछ । च्याउ लगाइएको तीन महिनामा उत्पादन दिने उहाँले बताउनुभयो।

च्याउ खेतीका साथै आफ्नो फर्ममा प्राङ्गारिक तरकारीसमेत उत्पादन गर्ने गरेको उहाँले जानकारी दिनुभयो। राज्यका तर्फबाट कृषकलाई आकर्षित गर्ने किसिमका कार्यक्रम ल्याउनु आवश्यक भएको बताउँदै च्याउ सञ्जाल कास्कीका अध्यक्षसमेत रहनुभएका सुवेदीले व्यावसायिकताको विकासका लागि निरन्तरको क्रियाशीलता र लगाव आवश्यक हुने उल्लेख गर्नुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ ओखलढुंगामा लौरुक बाम्दी ओखलढुंगा घडेरी सडक निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : लौरुक बाम्दी ओखलढुंगा घडेरी सडक**
**स्थानः पोमनपा वडा नं. २३**
**योजना सम्झौता मिति : २०७७/०९/१० गते**
**योजना सम्पन्न मिति : २०७७/१२/१९ गते**
**योजनाको कुल लागत : रु. ६,६९,५७५.७६।-**
**महानगरपालिकाबाट प्राप्त रकम : रु. ६,००,०००।-**
**जन सहभागितावाट : रु. ६६,६६६.६७।-**
**उपभोक्ता समितिः**
**शिवलाल पराजुली-अध्यक्ष**
**कृष्ण प्रसाद पराजुली- सचिव**
**यसोदा बराल पराजुली- कोषाध्यक्ष**
**समितिमा ६ पुरुष र ३ महिला सदस्य**

**लौरुक बाम्दी ओखलढुंगा घडेरी सडक निर्माण समिति**
**पोखरा -२३ ओखलढुंगा**



## शिक्षक आवश्यकता

यस मादी गाउँ पालिका वडा नं. १ खिलाङ कास्की स्थित श्री स्थानपति आधार भूत विद्यालयमा शिक्षा विकास तथा समन्वय इकाई कास्कीद्धारा शिक्षक दरबन्दी कायम भएका आधारमा मादी गाउँपालिकाको कार्यपालिकाको मिति २०७७/१०/२० गते च. नं. १५०२ अनुसार यस विद्यालयलाई थप १ जना शिक्षक करारद्धारा पदपूर्ति गर्न परेकाले योग्य नेपाली नागरिकहरुद्धारा सो पदका लागि दरखास्त आव्हान गरिन्छ।

**तपशिल**
**विज्ञापन नं. - ०१-०७७-०७८**
**पद- अस्थायी प्रा.वि. करार**
**आवश्यक पद संख्या-१ जना**
**योग्यता- अंग्रेजीमा आई एड वा सो सरह उत्तीर्ण**
**उमेर- १८ पुरा भई ४० ननाघेको**
**तलब स्केल- नेपाल सरकारको स्केल**
**आवेदन दस्तुर- रु १०००।-**
**परीक्षा किसिम- लिखित, अन्तरवार्ता र आवश्यक परेमा प्रयोगात्मक**
**आवश्यक कागजातहरुः**
- नागरिक प्रमाण पत्रको प्रतिलिपि
- शैक्षिक योग्यता र लब्धाङ्क पत्र
- अध्यापन अनुमति प्रमाण पत्र

**दरखास्त मितिः २०७७/११/१६ देखि २०७७/१२/०१ गतेसम्म**
**सम्पर्क नं.: ९८१६६४३४८५, ९८४६२९००४२, ९८१६६२२६३३**

**श्री स्थानपति आधारभूत विद्यालय**
**मादी गाउँपालिका वडा नं. १, खिलाङ, कास्की**



**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
## पोखरा प्राविधिक शिक्षालय
**फुलबारी, पोखरा, फोन ०६१-५२८०४०**

Funded by: European Union

## सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

**सूचना नं** CTEVT/PTS/SQ/03–2077–78
**(प्रथम पटक प्रकाशित मिति २०७७/११/२०)**

यस शिक्षालयको आयोजनामा प्रा.शि. तथा व्या.ता.परिषद् सक्षमता परियोजनाको आर्थिक सहायतामा परियोजनाको चालु आ.ब. को स्वीकृत कार्यक्रम अन्तर्गत आवासिय सीप विकास तालीमका सहभागीहरुका लागि कम्तीमा ५० जनाको खाना, खाजा र आवासकोव्यवस्थापन हुने गरी पोखरा महानगरपालिकाको विरौटाचोकदेखि राष्ट्र बैंक चोकसम्मको क्षेत्रमा आवास व्यवस्था गर्नुपर्ने भएकोले योग्य सेवा प्रदायकहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

१. तपसिलमा उल्लेखित दस्तुर(फिर्ता नहुने) नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको इजाजत पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, अघिल्लो आ ब २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी लिखित निवेदन दिई यो सूचना प्रकाशित भएको १५(पन्ध्रौ) दिन मिति २०७७।१२।५ (कार्यालय समय) भित्र यस शिक्षालयको आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

२. यस शिक्षालयबाट खरीद गरिएको दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठेक्का नं दरभाउपत्र दाताको नाम, ठेगाना र सम्पर्क नम्बर समेत खोली शिक्षालयलाई सम्बोधन गरी सूचना प्रकाशन भएको १६ (सोह्रौ) दिन मिति २०७७।१२।६ गते दिनको १२.०० बजेभित्र यस शिक्षालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका दरभाउ पत्र सोही दिनको २.०० बजे दरभाउपत्रदाता स्वयं वा नीजको प्रतिनिधी र शिक्षालयको प्रतिनिधीहरुको रहोवरमा यस शिक्षालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउ पत्रका साथ तपसिलमा उल्लेखित जमानत बापतको रकम यस शिक्षालयको नाममा रा.बा.बैक महेन्द्रपूल स्थित धरौटी खाता च. हि. न. ३४३०१००००५८८४००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंक वा वित्तीय संस्थावाट यस शिक्षालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिन अवधिको बैंक जमानी पत्र (विडबण्ड) संलग्न गरेको हुनु पर्नेछ।

४. दरभाउपत्र शर्त रहित प्रत्येक आइटममा केरमेट नभएको, शिक्षालयले उपलब्ध गराएको दरभाउपत्रमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाँउमा आधिकारिक व्यक्तिबाट दस्तखत भएको हुनु पर्नेछ। समयभित्र प्राप्त नभएको, रित नपुगेको र सूचनाको शर्त विपरित भएको दरभाउ पत्र माथी कुनै कारवाही हुनेछैन।

५. सिलबन्दी दरभाउ पत्र खरीद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिनलाई तत् तत् प्रयोजनको लागि अन्तिम दिन मानिनेछ।

६. यस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरीद नियमावली २०६४(संशोधन सहित) बमोजिम हुनेछ। बिस्तृत जानकारीको लागि पोखरा प्राविधिक शिक्षालयको फोन नं ०६१-५२८०४० मा सम्पर्क गर्न सकिनेछ।

| सि.नं. | ठेक्का नं | कार्यक्रमको नाम | जमानत रकम रु | दरभाउपत्र दस्तुर रु |
|---|---|---|---|---|
| १ | CTEVT/PTS/SQ/ 03–2077–78 | आवासिय सीप विकास तालीमका सहभागीहरु लागि खाना, खाजा र आवासको व्यवस्थापन | ६००००।- | १०००।- |

शिक्षालय प्रमुख



**त्रिभुवन विश्वविद्यालय**
## वन विज्ञान अध्ययन संस्थान
**पोखरा क्याम्पस, पोखरा**

## बिभिन्न प्रजातिका रूखहरू लिलामबिक्री सम्बन्धी गोप्य शीलबन्दी बोलपत्र आव्हानको सूचना ।

**यस क्याम्पस परिसर भित्र रहेका विभिन्न प्रजातिका (चाँप, सिसौं, टुनी, सिमल, खयर, सल्ला आदि) २४८ वटा रुखहरु यथास्थितिमा लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा रु, १५,९६,२६०।- (पन्ध्र लाख छ्यानब्बे हजार दुई सय साठी मात्र) मा नघटाई लैजान चाहने इच्छुक ईजाजत प्राप्त फर्म वा पार्टीहरुबाट मिति २०७७/१२/०९ गतेभित्र रीतपूर्वकको शीलबन्दी बोलपत्र आव्हान गरिन्छ ।**

**विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।**

**निमित्त क्याम्पस प्रमुख**